मालिका गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

दरबाङ्ग, म्याग्दी

२०७३

गण्डकी प्रदेश, नेपाल

०६९ ४२००२० / ४२००२१ / ४२००२२

पत्र संख्याः- प्रशासन/७९

चलानी नं.

## जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालनका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सार्वजनिक सूचना

प्रथम पटक सूचना प्रकाशित मितिः २०७९/०७/२३

नेपाल सरकार, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय मार्फत राष्ट्रपति महिला सशक्तिकरण परियोजना सञ्चालनार्थ मानव विकास सूचकाङ्कमा पछाडि परेको यस मालिका गाउँपालिका समेत छनौट भएको छ । कार्यक्रम सञ्चालनका निमित्त *'जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन सम्बन्धी मापदण्ड, २०७७* को दफा ७ बमोजिम इच्छुक संस्था छनौटका लागि प्रस्ताव आह्वान गर्न यो सूचना प्रकाशन गरिएको छ । मापदण्डको दफा ९ बमोजिम योग्यता पुगेका इच्छुक संस्थाले दफा १० मा उल्लिखित विवरण तथा कागजात सङ्लग्न गरी यो सूचना प्रकाशित मितिले १५ दिनभित्र गाउँ कार्यपालिकाको कार्यालयमा प्रस्ताव पेश गर्नु हुन सम्बन्धित सबैमा सूचित गरिन्छ ।

द्रष्टव्यः

- प्रस्ताव पेश गर्दा मापदण्डको अनुसूची २ बमोजिम हुनुपर्नेछ ।
- कार्यक्रम प्रस्ताव गर्दा संस्थाले कृषि, गैरकृषि वा पर्यटन क्षेत्र मध्ये एउटा क्षेत्रमा व्यवसाय सञ्चालन गर्ने गरी व्यावसायिक योजना तयार गरी पेश गर्नु पर्ने छ ।
- कार्यक्रम प्रस्ताव, संस्था छनौट, कार्यक्रम सञ्चालन, भुक्तानी तथा लेखापरीक्षण सम्बन्धी विस्तृत जानकारी *'जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन सम्बन्धी मापदण्ड, २०७७* मा हेर्न सकिन्छ । मापदण्डको प्रति www.mowcsc.gov.np मा उपलब्ध रहेको छ ।
- कार्यक्रम सञ्चालन खर्चको मापदण्ड अनुसूची ४ बमोजिम हुनेछ ।
- प्रस्तावको Hard Copy का साथै Soft Copy समेत पेश गर्नुपर्नेछ ।
- कार्यक्रम प्रस्ताव सम्बन्धी अन्य कुनै जानकारी आवश्यक भए गाउँ कार्यपालिकाको कार्यालयमा सम्पर्क गर्नुहुन सूचित गरिन्छ ।

06/23

हेमराज काफ्ले

प्रमुख प्रशासकीय अधिकृत